☎९८६५६४२३६५ (प्रमुख)
☎९८४८६४४७९१ (उप-प्रमुख)
☎९८५२०२९४०३ (नि.प्र.प्र.अ.)

# त्रिवेणी नगरपालिका
# Triveni Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
तोली, बाजुरा (सुदूरपश्चिम प्रदेश, नेपाल)
Toli, Bajura (Sudurpashchim Province, Nepal)

प.सं २०८२/०८३
च.नं

मिति २०८३/०१/११
ने.सं. ११४६ बछलाथ्व

**विषयः स्थानीय तहमा जीवीकोपार्जन सुधार कार्यक्रम सञ्चालन**
**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८२।०१।११**

यस नगरपालिकाको चालू आ व २०८२।०८३ मा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्राप्त अनुदान अन्तर्गत स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न नगरपालिका भित्र इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र १५ दिन भित्र निम्न प्रकृयाहरु पुर्याई यस कार्यालयमा प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

चिरन्जीवी प्रसाद शाह
नि प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

**तपसिलः**

**१ संस्थाको योग्यता**

(क) प्रचलित कानून बमोजिम दर्ता र नवीकरण भएको,
(ख) प्रत्येक वर्ष लेखा परिक्षण सम्पन्न गरी सोको प्रतिवेदन तयार भएको ।
(ग) प्रचलित कानून बमोजिम अयोग्य नरहेको ।

**२ संस्थाले लक्षित समुदायका महिला छनौट गर्दा लिनुपर्ने आधारहरु**

(क) विपन्न वा बहुविपन्न महिला
(ख) एकल महिला
(ग) हिंसा पिडित, मानव बेचबिखन तथा ओसारपसारबाट पिडित /प्रभावित महिला
(घ) भूमिहिन महिला सीमान्तकृत समुदाय तथा दलित समुदायका विपन्न महिला
(ङ) कृषि बाहेक अन्य कुनै नियमित रोजगारी / आयआर्जनका स्रोत नभएको परिवारका महिला
(च) संस्थाले व्यवसायको प्रकृति हेरी कम्तिमा ५ दिनको तालिम २५ जना लक्षित सभागितालाई प्रदान गर्ने गरी व्यवसायिक योजना पेश गर्नुपर्नेछ यदि व्यवसायिक तालिमको प्रकृति अनुसार अवधि बढाउनु परेमा संस्था स्वयमले आफ्नो स्रोतबाट तालिम अवधि बढाउन सक्नेछ ।
(छ)कार्यक्रमबाट व्यवसायिक तालिमका लागि प्रतिसहभागी रु ४०००। र व्यवसाय संचालन अनुदानका लागि प्रति सहभागि रु २६०००। को मापदण्डमा भित्र प्रस्तावना भएको हुनुपर्नेछ। यदि संस्थाको लगानीको अंश भएमा सो समेत खुलाउनुपर्नेछ ।

**३ प्रस्तावसाथ संलग्न हुनुपर्ने विवरण तथा कागजात समेत संलग्न गरेको हुनुपर्नेछः**

(क) संस्थाको विधान वा उदेश्य, परिचय, कार्यसञ्चालन प्रकृया भौतिक तथा वित्तिय श्रोत सम्बन्धी विवरण,
(ख) प्रचलित व्यवसायको अवधारणा पत्र, व्यवसायिको क्षेत्र, तालिम अवधि र श्रोत परिचालन सहितको व्यवसायिक योजनाको यथार्थ सहितको विवरण,
(ग) प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
(घ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा लेखापरीक्षण प्रतिवेदन,
ङ) प्रस्तावित कार्यक्रममा संस्थाद्वारा गरिने योगदानको अंश,अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको श्रोत सहितको
(च) कालोसूचिमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वः घोषणा पत्र
(छ) संस्थाले तालिममा सहभागी भएका लक्षित महिलाका लागि अनुसूचि-५ बमोजिमको ढाँचामा कृषि,पशुपालन तथा उत्पादनमुलुक क्षेत्र पर्यटन तथा आतिथ्यता क्षेत्र र गैह कृषि क्षेत्र मध्ये एउटा क्षेत्र छनौट गरि व्यवसायिक योजना पेश गर्नु पर्नेछ ।
(ज) व्यावसायिक योजना पेश गर्दा तालिम प्रदायक संस्था/ स्थानीय तहले दफा १२ मा उल्लेख भएका लक्षित समुदायका महिलाको आयआर्जन, जीवीकोपार्जन सुधार तथा आर्थिक सशक्तीकरण हुने कार्यान्वयन कार्ययोजना समेत संचालन गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।

**थप जानकारीको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको सम्पर्क नं. ९८४३५२०५२० मा कार्यलय समयभित्र मात्र सम्पर्क गर्न सकिनेछ ।**



CamScanner